# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, असार ४ गते २०३६ साल [संख्या १०

श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको

### सूचना

होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति
(गठन) (दोस्रो संशोधन) आदेश, २०३६

होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०३६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ को दफा २ मा संशोधन : होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ :–

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

| | |
|---|---|
| (क) महानिर्देशक, पर्यटन विभाग– | अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय– | सदस्य |
| (ग) प्रतिनिधि, पर्यटन मन्त्रालय– | सदस्य |
| (घ) प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय– | सदस्य |
| (ङ) प्रतिनिधि, श्रम विभाग– | सदस्य |
| (च) अध्यक्ष, होटेल एशोसिएशन, नेपाल– | सदस्य |
| (छ) अध्यक्ष, नेपाल एशोसिएशन अफ ट्राभल एजेन्ट्स– | सदस्य |
| (ज) अध्यक्ष, ट्रेकिंग एजेन्ट्स एशोसिएशन अफ नेपाल– | सदस्य |
| (झ) योजनाप्रमुख, होटेल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र– | सदस्य-सचिव |

(२) उप-दफा (७) झिकिएको छ।

३. मूल आदेशको दफा ३ मा संशोधन : मूल आदेशको दफा ३ को उप-दफा (२) को,–

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:–

"(घ १) होटेल व्यवस्थापन तथा पर्यटन तालीम लिने व्यक्तिलाई व्यवहारिक ज्ञान दिलाउन रेष्टूराँ तथा आवासगृहको संचालन गर्ने,"

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) योजनासम्बन्धी वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने,"

४. मूल आदेशको दफा ५ मा संशोधन : मूल आदेशको दफा ५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) समितिको स्वीकृत कार्यक्रमलाई कार्यान्वित गर्ने।"

५. मूल आदेशको दफा ७ मा संशोधन : मूल आदेशको दफा ७ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ :–

"(१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान,

(ख) श्री ५ को सरकारमार्फत् कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संगठनबाट प्राप्त अनुदान वा ऋण,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त हुन आएको रकम।"

६. मूल आदेशमा दफा १० थप : मूल आदेशको दफा ९ पछि देहायको दफा १० थपिएको छ:–

"१०. समितिको कार्यालय : समितिको मुख्य कार्यालय काठमाडौंमा रहनेछ र सो कार्यालय "होटेल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र" को नामले प्रचलित हुनेछ।"

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

903

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।